महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## गजुरी गाउँपालिका

धादिङ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गजुरी गाउँपालिका

धादिङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गजुरी गाउँपालिका

धादिङ

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।०७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौँ नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बाग्मती प्रदेश**

पत्र संख्याः २०७९।०८०
च.नं. १४० मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
गजुरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
धादिङ्ग ।

**कैफियत सहितको राय**

हामीले गजुरी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ७ करोड २९ लाख ४५ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २ करोड ९७ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ६९ लाख ३३ हजार, नियमित गर्नुपर्ने रु १ करोड ७१ लाख २५ हजार र पेश्की रू. १ करोड ९१ लाख ६१ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु २२ करोड ८८ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु २७ करोड ९० लाख ६३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट अवण्डा बजेट राखी खर्च गरेको, वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्को रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

गजुरी गाउँपालिका धादिङ्ग

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २३ | ७५ | ७२९४५ | ० | ० | ० | २३ | ७५ | ७२९४५ | २९७२६ | १७१२५ | ६९३३ | ० | ० | २४०५८ | १९१६१ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गजुरी गाउँपालिका धादिङ्ग | २२८८३५ | ० | २२७१७ | २०६११८ | ० | ७२९४५ | २७९०६३ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गजुरी गाउँपालिका, धादिंग , गजुरी गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Rajan Ghimire | २०७७-५-१४ | २०७८-१२-१५ |
| कार्यालय प्रमुख | Dhruba Prasad Sapkota | २०७८-१२-१४ | २०७९-४-२३ |
| कार्यालय प्रमुख | Nar Bahadur Bishokarma | २०७९-४-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Amrit Parsad Paudel | २०७६-१-४ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७२,९४४,७५१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १५,२८,६७,००० | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३,९५,०६,००० | **चालु खर्च** | १८,४८,९२,००० |
| **प्रदेश सरकारबाट अनुदान** | ५,२७,५९,००० | **पूँजीगत खर्च** | १८,४८,९२,००० |
| **राजश्व बाँडफाँट** | २९,६५,६१,००० | **वित्तीय/अन्य व्यवस्था** | १,१५,४९,००० |
| **आन्तरिक आय** | ६,८६,७२,००० | | |
| **अन्य आय** | ३४,७६,००० | | |
| **कुल आय** | ६६,०९,७४,००० | **कुल खर्च** | ३८,१३,३३,००० |

| बाँकी मौज्दात | १५,३१,४६,००० |
|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **गजुरी गाउँपालिका**<br>**लेखापरीक्षण प्रतिवेदन**<br>**२०७८।७९**<br>स्थानीय नेतृत्व विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवद्धर्न गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, २३८.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३६ हजार जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय सञ्चित कोष**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ । (रु. हजारमा) | • |

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | गतवर्ष रु. |
|---|---|---|---|---|
| | | बजेट | प्राप्ति/भुक्तानी | प्राप्ति/भुक्तानी |
| प्राप्ती (क+ख) | | ७२६२७ | ६१०९१६ | ६१४०८९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७५६७५५ | ५९९२२२ | ५६५८७६ | |
| | | | ११००० कर | ११ | ९९८४१ | १६४०१७ | ७४०९० | |
| | | | १३००० अनुदान | | ४५९७०० | ६२९०४ | ४३३७६८ | |
| | | | संघीय सरकार | १२ | ९४४११ | २८०२५ | ३५६७३१ | |
| | | | प्रदेश सरकार | १२ | ६४५८९ | ४८७८ | ७७०३७ | |
| | | | अन्तरिक श्रोत | | ७०० | ० | ० | |
| | | | १४००० अन्य राजस्व | | १९७२१४ | ७२०१ | ५८०१८ | |
| | | | ख. अन्य प्राप्ति | | ५८८२ | ११६९४ | ४८२१३ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | |
| | | | कोषहरु | | ५८८२ | ६७२५ | ४११६६ | |
| | | | धरौटी | | ० | ४९६९ | ७०४७ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ८१७०८ | ५६४२०२ | ६७९२४७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८११११५६ | ५५५५२९ | ६६२४२३ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १५६८०७ | १५८१९ | ६७८२८ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५६४८२ | १४९६६ | ११०८८१ | |
| | | | २६००० अनुदान | १८ | १५१७ | १५१७ | १०८२०० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ८९८० | ८८९९ | १११६६ | |
| | | | २८००० अन्य खर्च | १८ | ७२४५९ | ४५८७७ | ४४०७३ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४१४२११ | २०१४५१ | ३२०२४७ | |
| | | | ३२००० वित्तीय सम्पत्ति | १८ | ७०० | ० | ० | |
| | | | घ. अन्य भूक्तानी | | ५८८२ | ८६७२ | ६७९२४७ | |
| | | | कोषहरु | | ५८८२ | ५१६९ | १४९५० | |
| | | | धरौटी | | ० | ३६६८ | १८७४ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१६५ | |
| ङ. यो वर्षको बचत (न्युन) | | -५४४०१ | ४६७१५ | -६५१५९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९५८६ | १५८५६१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -५४४०१ | ५६३०१ | ९३४०३ |
| बैंक तथा नगद बाकी | २४ | | ४९७७० | ५९०९१ |

**गाँउपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरु निम्नानुसार रहेका छन्: (रु हजारमा)**

| सि.नं | ब.ऊ.शि.नं | कार्यक्रम | बार्षिक बजेट | निकासा/खर्च |
|---|---|---|---|---|
| १ | ३५०००११६४ | प्रदेश पुर्वाधार स्वास्थ्य प्रबर्धन तथा कोभिड पुनर्स्थापना | ५३६५ | ५२९७ |
| २ | ३१४०१०१२३ | सामाजिक सुरक्षा कार्यक्रम | ९५८६४ | ९५६८१ |
| ३ | ३३६००१०२३ | गरिन संग बिशेश्वर कार्यक्रम | ४६४ | ४६४ |
| ४ | ३३७०००११४ | भौतिक पुर्वाधार बिकास कार्यक्रम | ५२३५ | ४९२५ |
| | | जम्मा | १०६८२८ | १०६३६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • म.ले.प.फा.न. २७२ अनुसारको वित्तीय प्रतिवेदनमा शुरु मौज्दात रु. ९५,८६ हजार, आम्दानी रु. ५९,९९,२२ हजार तथा खर्च र खर्च रु. ५६,४२,०२ हजार पछि मौज्दात बाँकी रु. ५६,३०२ हजार देखाएकोमा कुल आम्दानीको जोडजम्मा रु. ९७,३८,२० हजार लेखाङ्कन हुनुपर्नेमा फरक आम्पदानी लेखाङ्कन भएकोले अन्तिम मौज्दात रु. ४०,०९,५५ लेखाङ्कन हुनुपर्नेमा रु. ५,६३,०२ लेखाङ्कन भएको छ । अन्तिम मौज्दात रु. ३४,४६,५३ हजार न्यून लेखाङ्कन भएको सम्वन्धमा यकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।<br>• आर्थिक वर्ष ०७८।७९ को महालेखापरीक्षकको प्रतिवेदनमा बैंक मौज्दात बांकी रु. ९,३४,२८,९७९.९८ देखाएकोमा यस वर्षको प्राप्ति भुक्तानी हिसावमा रु. ९५,८६,०००.०० देखाएकोले फरक रु. ८,३८,४२,९७९.०० का सम्वन्धमा हिसाव मिलान गरी प्राप्ति भुक्तानी हिसाव यथार्थ बनाउनुपर्ने देखिन्छ । | |
| ३ | | | **लेखापरीक्षणको सीमा** उल्लेखित आर्थिक कारोवारको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) काे सूचना प्रविधिमा आधारित स्वीकृत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br><br>लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन्: | |
| ४ | | | **लेखापरीक्षणको क्रममा अशुली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाउँपालिकाको लेखापरीक्षणका क्रममा रु. ............................ अशुल भई बेरुजु खातामा दाखिला भएको छ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण :** आन्तरिक नियन्त्रणका सम्वन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायमा उल्लेख छ । | |
| ५.१ | | | स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>वजेट व्यवस्थापनतर्फ :<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको तथा सम्वन्धित निकायमा पेश गरेकोप्रमाण उपलव्ध भएन।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचनातयार गरेको देखिएन ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको सम्वन्धमा प्रमाण पेश हुन आएन ।<br>• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी आगमी वर्षका लागि सुधारको मार्गचित्र तयार गरेको देखिएन ।<br><br>भ्रमण खर्च व्यवस्थापनतर्फ : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख खडा गरी व्यवस्थित गरेको देखिएन ।<br>• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिई प्रतिवेदनका व्यहोरा कार्यान्वयन गरेको देखिएन ।<br>• भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग अवधिभरी फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ ।कर्मचारीलाई दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन । यस सम्वन्धमा कार्यालयबाटै छानविन गरी दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नु पर्दछ । साथै दुर्गम भत्ताका सम्वन्धमा समेत प्रचलित कानुन तथा कार्यविधि पूर्ण रुपमा पालना गराउन पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।<br>• पालिकाको निर्णयबाट कर्मचारीको तहबृद्धि गरेको सम्वन्धमा निर्णय तथा सम्वन्धित फाइल पेश भएन । यसवाट तहबृद्धि सम्वन्धमा निर्णय गर्दा प्रचलित कानुन तथा कार्यविधि पालना गरे नगरेको सम्वन्धमा यकिन भएन ।<br><br>खरिद व्यवस्थापन तर्फ :<br><br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन ।<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको सम्वन्धमा प्रमाण पेश गरेको छैन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत संभार दायित्व सहित अभिलेखिकरण गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण अनिवार्य नगरेकोले योगदान प्रतिशतमा असमानता हुनुका साथै योजना निर्माणको वास्तविक अवस्था यकिन भएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी मार्तफतको कार्यमा गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न गरेपनिउपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।<br>• उपभोक्ता समिति मार्फत गरेको सवै कार्यको अनुगमन गरेको पाइएन साथै अनुगमन गरेका कार्यमा समेत अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन ।<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न भएको सम्वन्धमा यकिन हुने प्रणाली तयार गरेको देखिएन ।<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको अभिलेख गरी कार्रायान्खेवयन अवस्थासंग आवद्द गरेको देखिएन ।<br><br>शिक्षातर्फ :<br><br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन ।<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन ।<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन ।<br><br>विविध तर्फ :<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको पाएयो भने इ.टी.डि.एस. गर्ने गरेको देखिएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी कायम गर्नु पर्दछ ।<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको पाइएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन ।<br>• निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा शिक्षा नियमावली,२०५९ मा तलबी प्रतिवेदन पारित गरेर मात्रै तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले निजामती, स्वास्थ्य तथा शिक्षा सेवाका विभिन्न पदमा कार्यरत कर्मचारीको तलव भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित गरेको देखिएन । यसबाट कर्मचारीको भत्ता एवं ग्रेड सुविधा यकिन हुन सकेन । अतः तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ। | |
| ५.२ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायमा उल्लेख छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक व्यवस्थित गरी अद्यावधिक गरेको देखिएन ।<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख सवारी साधनगत रुपमा राख्नुपर्नेमा राखेको देखिएन<br>सवारीसाधन इन्धन तथा मर्मत अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा लेखापरीक्षणमा देखिएका व्यहोरा निम्नानुसार छन् :<br>• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राख्नुपर्ने देखिएको,<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राख्नुपर्ने देखिएको,<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन संलग्न गरेर मात्र खर्च फरफारक गर्नुपर्ने देखिएको । | |
| ६ | | | **सम्पत्ति संरक्षण :**<br>सम्पत्ति उपयोग र संरक्षणका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ । | |
| ६.१ | | | पालिका अन्सतर्गत हस्तान्तरण भई आएको र पालिकाले हस्तान्तरण गरी वडा तथा विभिन्न निकायलाई प्रदान गरेको सम्पत्ती हस्तान्तरण सहितको अभिलेख कायम गर्नुपर्ने व्यवस्था छ । सम्पत्ती हस्तान्तरण सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छ ।<br>• साविक गाउँ विकास समितिको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक गरेको छैन ।<br>• साविकका संघीय विषयगत कार्यालयको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिक भएको छैन ।<br>• साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | २०७९-५-१५ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । | |
| ६.३ | | | सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगका सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छ ।<br><br>• सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख अद्यावधिक गरेको देखिएन ।<br>• सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गरेको देखिएन ।<br>• संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना भएको सम्वन्धि अभिलेख कायम गरेको देखिएन ।<br>• संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरेको देखिएन । | |
| ६.४ | | | जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br><br>म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको सम्वन्धमा परीक्षण गर्दा लगबुक राखेको देखिएन ।<br><br>म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राख्नुपर्नेमा राखेको पाइएन । स्थानीय तह भित्रका सरकारी, एलानी तथा प्रति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको चल्ती जिन्सी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश म.ले.प.फारम नं ४१४ स्वीकृत गराई र मर्मत अभिलेख म.ले.प.फारम नं ४१५ मर्मत गराई खर्च लेख्नु पर्नेमा पर्याप्त प्रमाण कागजात कायम गरेको पाइएन । | |
| ६.५ | | | सरकारी सम्पत्तिको अभिलेख व्यवस्थित गर्न लागु भएको सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा पालिकाको सवै सम्पत्तिको विवरण अद्यावधिक गरेको देखिएन । एकिकृत जिन्सी नराखी शाखागत तथा वडागत जिन्सी अभिलेख कायम गरेकोमा वडामा गत विगत देखिनै रहेको जिन्सी सामानको अभिलेख अद्यावधिक हुनेगरी व्यवस्थित गरेको देखिएन । सम्पत्ती व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनु पर्दछ । | |
| ७ | | | **दरवन्दी व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा देहाय अनुसार अधिकृत र सहायक स्तर गरी ४६ दरवन्दी रहेकोमा २३ मात्र स्थाई पदपूर्ति भएको पाइयो । रिक्त पदमा करार सेवाबाट कर्य गराएको छ । साथै रिक्त दरवन्दि भन्दा बढी करार कर्मचारी रहे नरहेको सम्वन्धमा विवरण पेश हुन नआएकोले विश्लेषण गर्न सकिएन । यसैगरी कर्मचारीको स्तरबृद्दि सम्वन्धि निर्णय समेत उपलव्ध हुन नआएकाले स्तरबृद्दिको वास्तविक अवस्था यकिन हुन सकेन | |

| स्वीकृत पद | संख्या | पदपूर्ति | रिक्त |
|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | १ | १ | ० |
| अधिकृत ७/८ औ शिक्षा | १ | १ | ० |
| अधिकृत ७/८ औ लेखा | १ | १ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | इन्जिनियर ६/७/८ औ सिभिल | १ | १ | ० | |
| | | | अधिकृत छैठौ प्रशासन | २ | १ | १ | |
| | | | आ ले प पाँचौ | १ | ० | १ | |
| | | | सहायक पाचौ प्रशासन | ४ | १ | ३ | |
| | | | कम्प्यूटर अपरेटर ५ औ विविध | १ | १ | ० | |
| | | | लेखा सहायक ५ औ | १ | १ | ० | |
| | | | हे अ ५/६ औ स्वास्थ्य | १ | १ | ० | |
| | | | सव इन्जिनियर ५ औ | १ | १ | ० | |
| | | | अ सव इन्जिनियर ४ औ | १ | १ | ० | |
| | | | म वि नि चौथो | १ | १ | ० | |
| | | | खा पा स टे चौथो | १ | १ | ० | |
| | | | अधिकृत ७/८ औ | १ | ० | १ | |
| | | | प्रा स ५/६ औ | २ | ० | २ | |
| | | | ना प्रा स चौथ पाँचौ | १ | ० | १ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | कृषि तर्फ | | | | |
| | | | अधिकृत ७/८ औ | १ | ० | १ | |
| | | | प्रा स ५/६ औ | २ | २ | ० | |
| | | | ना प्रा स चौथ पाँचौ | १ | १ | ० | |
| | | | पशु स्वास्थ्य तर्फ | | | ० | |
| | | | अधिकृत ७/८ औ | १ | ० | १ | |
| | | | पशु सेवा ५/६ औ | २ | ० | २ | |
| | | | पशु स्वास्थ्य प्राविधिक चौथो पाँचौ | १ | १ | ० | |
| | | | वडा कार्यालय तर्फ | | | | |
| | | | सहायक पाचौ प्रशासन | ३ | १ | २ | |
| | | | सव इन्जिनियर ५ औ | ३ | १ | २ | |
| | | | सहायक चौथो प्रशासन | ५ | २ | ३ | |
| | | | अ सव इन्जिनियर ४ औ | ५ | २ | ३ | |
| | | | जम्मा | ४६ | २३ | २३ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>राम बहादुर पण्डित मार्ग : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघिय सरकार हस्तान्तरित कार्यक्रम समपुरक अनुदानको राम बहादुर पण्डित मार्गको पालिका तर्फको रु. २,६४,००,०००.०० सोही कार्यक्रममा खर्च नगरी चैत्र देखि आषाढ सम्ममा पालिकाका आठवटै वडामा रु. ५ हजार देखि रु. १९ लाख सम्मका ९६ योजना तयार गरी खर्च गरेको छ । संघिय समपुरकको रकमको अख्तियारी प्राप्त भईसक्दा समेत प्रस्तावित योजनाको ठेक्का व्यवस्थापन नगरी फरक किसिमका स साना योजनामा वजेट सिद्दान्त अनुरुप नहुनेगरी खर्च गरेको उपयुक्त देखिएन । तोकिए अनुसार प्राथमिकता प्राप्त कार्यमा विनियोजित बजेट सोही क्षेत्रमा खर्च नगरी एक योजनाको बजेट स साना टुक्रे योजनामा विभाजन गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नु पर्दछ । योजना टुक्रा बनाई खर्च गरेको केही उदाहारण देहायमा उल्लेख छ ।
<table>
<tr><th>सि.नं.</th><th>मिति</th><th>भौ. नं.</th><th>विवरण</th><th>डेबिट</th></tr>
<tr><td>१</td><td>१२/०७/२०७८</td><td>५</td><td>जैसिटार बालुखोप पेटारे सडक</td><td>१४०४०७०</td></tr>
<tr><td>२</td><td>१२/०७/२०७८</td><td>७</td><td>अमलडाडा वालसिंह ठुलो पोखरी सडक</td><td>९१८९४७</td></tr>
<tr><td>४</td><td>०१/२१/२०७९</td><td>१५</td><td>हटिया भञ्याङ प्रतिक्षालय निर्माण</td><td>१९४०००</td></tr>
<tr><td>५</td><td>०१/२१/२०७९</td><td>१७</td><td>भञ्याङ चौर सामुदायिक ट्रष्ट निर्माण</td><td>२३४७००</td></tr>
<tr><td>६</td><td>०१/२१/२०७९</td><td>१९</td><td>तल्लो घर्मशाला कुलो मर्मत</td><td>१९४०००</td></tr>
<tr><td>७</td><td>०१/२१/२०७९</td><td>२१</td><td>सोला भञ्याङ छेडा सडक</td><td>४८५०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८</td><td>०१/२१/२०७९</td><td>२३</td><td>सिमडाडा चिलाउने सडक स्तरोन्नती</td><td>२९१०००</td></tr>
<tr><td>९</td><td>०१/२१/२०७९</td><td>२५</td><td>भञ्याङ लामाटोल सडक</td><td>२४२५००</td></tr>
<tr><td>१०</td><td>०१/२१/२०७९</td><td>२७</td><td>पात्ले माल्टार सिंचाई</td><td>१९४०००</td></tr>
</table>
<ul>
<li>यसै मार्ग निर्माणमा गत वर्ष समेत योजना सञ्चालनमा रही गो भौ नं १३८।०७८।१०।९ मा रु. २०,३०,४३०.०० गोल्डेन निर्माण एण्ड सप्लायर्शलाई भुक्तानी गरेको छ । उक्त भुक्तानीका लागि प्रविधिक शाखाको राय तथा स्थलगत अनुगमन पश्चात रनिङ्ग विल भुक्तानी गर्न तोक आदेश भएकोम सो समेत नगरी भुक्तानी दिएकोले कार्य अवस्था विश्वसनिय देखिएन ।</li>
<li>उक्त योजना समेत सम्पन्न भई नसकेको र क्रमागत स्वीकृति समेत नलिदा पालिकाको आन्तरिक श्रोत तर्फ खर्चको भार थपिएको अवस्था देखियो । मार्ग निर्माणको गत वर्षको कार्य सम्पन्न नभएकोमा चालु वर्षमा थप कार्य गर्ने गरी आएको बजेटबाट योजना टुक्रा गरी स साना धेरै योजनामा खर्च गरेको नियमित देखिएन । तोकिएका योजनामा खर्च नगरी खण्डिकरण गरी धेरै योजनामा गरेको खर्च उपलब्धिमुलक देखिएन । यस्तो अवस्था दोहोरिन नदिन सजगता अपनाउनुपर्ने देखिन्छ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>गलौदिखोला पुल छविसे ; सैगरी पालिकाले कुल लागत रु. २ करोडको गलौदिखोला पुल छविसेको बजेट निर्धारित कार्यमा खर्च नगरी २०७९ बैसाख देखि आषाढ सम्ममा रु. १५ हजार देखि रु. ३ लाख सम्मका ३६ योजना उपभोक्ता समिति मार्फत गराई रु. ९९,९९,४७२.०० खर्च गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी बजेट व्यवस्था अनुसार खर्च गर्नुपर्ने व्यवस्था प्रतिकुल हुनेगरी पुल निर्माणको बजेट समेत सुविस्ताका आधारमा सडक, ढल निर्माण, कुलो मर्मत, स्थानीय गैर सरकारी संस्थालाई अनुदान जस्ता कार्यमा खर्च गरेको नियमित देखिएन । एक उदेश्य अनुसार विनियोजित वजेट अर्को कार्यमा उपलब्धि नदेखिने स</td><td>९,९९९,४७२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>साना योजनामा टुक्रे विनियोजन गरी खर्च गर्ने पद्दति नियन्त्र हुनुपर्ने देखिन्छ । टुक्रे योजना बनाई खर्च गरेका केही उदाहारण देहायमा उल्लेख छ ।
<table>
<tr><th>सि.नं.</th><th>मिति</th><th>भौ. नं.</th><th>विवरण</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>२०७९।१।७</td><td>३६४</td><td>लेकबारी काफल जंगार सडक</td><td>३०००००</td></tr>
<tr><td>२</td><td>२०७९।१।७</td><td>३६६</td><td>मसिने डाँडा जंगारे कृषि सडक</td><td>३८८०००</td></tr>
<tr><td>३</td><td>२०७९।१।१९</td><td>४२५</td><td>चिउरी भञ्याङ्ग कुपिण्डे सडक</td><td>१९४०००</td></tr>
<tr><td>४</td><td>२०७९।१।२०</td><td>४४१</td><td>शितलडाँडा जाने सडक</td><td>१४०००</td></tr>
<tr><td>५</td><td>२०७९।१।२०</td><td>४४३</td><td>ग्यालगुने चौतार सडक उ स</td><td>३८८०००</td></tr>
<tr><td>६</td><td>२०७९।२।१६</td><td>४८९</td><td>तोक आदेश अनुसार भुक्तानी</td><td>१४५००</td></tr>
<tr><td>७</td><td>२०७९।३।११</td><td>५३८</td><td>विभिन्न शिर्षकमा भुक्तानी</td><td>१५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कर विजक : यसै गरी गो भौ नं २१८।२०७८।११।१३ बाट राम बहादुर पण्डित मार्ग दोश्रो (गतको बजेट) को बजेटबाट पालिका अध्यक्षको राय अनुसार भनि विर्ता रक्तकाली सडकको नपुग रकम रु. १,१६,०००.०० कलर्स निर्माण सेवालाई भुक्तानी गरेको छ । भुक्तानी गर्दा कर विजक लिई संलग्न गरेको छैन । विजक संलग्न नगरी गरेको भुक्तानीको कर समायोजन प्रमाण पेश गर्नु पर्दछ । रु...</td><td>११६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>सेनीटरी प्याडः सामुदायीक विद्ययालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरण गर्न खरिद गरी मिति २०७८।३।१६ भौ नं २८१ बाट भुक्तानी गरेको पाइयो । बर्षान्तमा खरिद गरेको स्यानीटरी प्याड लेखापरीक्षण अबधि मिति २०७९।५।१५ सम्म पनि वितरण गरेको पाइएन । यसरी बर्षान्तमा खरिद गर्दा विद्यालयगत माग आवश्यकता निर्धारण गरी आधारमा लागत अनुमान तयार गरी स्वीकृत गरेको पाइएन । किनिएका समानको वितरण वितरण अभिलेख समेत पेश नभएकोले वितरण भरपाइ पेश हुनु पर्ने रु...</td><td>१,०४५,०००</td></tr>
<tr><td>१२</td><td></td><td>२०७९-५-२०</td><td>छात्रावृतिः संघीय सरकारबाट हस्तान्तरित कार्यत्रम चालु गो.भौ.नं ३३ मिति २०७८।९।०१ बाट सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृति सम्वन्धि निर्देशिकाको सिं नं ७२,७३ र ७४ समेतका आधारमा विधालयगत तथ्याँक अनुरुप स्थानीयत तहले विद्यालय संचालन भएको दिनलाई आधार मानी अनुदान दिने व्यवस्था मिलाउनु पर्ने तथा विधार्थीले छात्रवृति बुझेको भरपाइ सहित हाजिर पुस्तिका पेश गर्नु पर्नेमा पालिकाले निम्न विद्यालयलाई रकम प्रदान गर्दा उल्लेखित कागजात संलग्न गरेको देखिएन । स्कुल व्यवस्थापन समितिको निर्णय सहितको तोकिएको भरपाइ पेश हुनु पर्दछ रु...
<table>
<tr><th>क्र.सं</th><th>विद्यार्थीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आदर्श मा वि</td><td>१०१६००</td></tr>
<tr><td>२</td><td>डोलभञ्जयाँङ्ग मा वि</td><td>६५२००</td></tr>
<tr><td>३</td><td>गजुरी पिडा मावि</td><td>४०४००</td></tr>
<tr><td>४</td><td>किराञ्चोक मावि</td><td>४७६००</td></tr>
<tr><td>५</td><td>महेन्द्रोदय मावि</td><td>५१२००</td></tr>
</table></td><td>१,०५२,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>भानुभक्त मावि</td><td>३९२००</td></tr>
<tr><td>७</td><td>किराञ्चोक मावि</td><td>३५६००</td></tr>
<tr><td>८</td><td>पत्तालिनो मावि</td><td>५०८००</td></tr>
<tr><td>९</td><td>छेपाङ मा वि</td><td>४२८००</td></tr>
<tr><td>१०</td><td>भुमेकाली आवि</td><td>२९६००</td></tr>
<tr><td>११</td><td>पिडेश्वरी मावि</td><td>७०४००</td></tr>
<tr><td>१२</td><td>इन्द्रायणी आवि</td><td>४०८००</td></tr>
<tr><td>१३</td><td>पञ्चकन्या मावि</td><td>२६०००</td></tr>
<tr><td>१४</td><td>थुम्कीडाँडा आवि</td><td>५८०००</td></tr>
<tr><td>१५</td><td>जनजागृति आवि</td><td>७२००</td></tr>
<tr><td>१६</td><td>कंकाली आवि</td><td>३००००</td></tr>
<tr><td>१७</td><td>बतासे आवि</td><td>४०००</td></tr>
<tr><td>१८</td><td>जलदेवी आवि</td><td>११२००</td></tr>
<tr><td>१९</td><td>जल कन्या आवि</td><td>१६४००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०</td><td>कालिका आवि</td><td>१४८००</td></tr>
<tr><td>२१</td><td>सरस्वती आवि</td><td>१४४००</td></tr>
<tr><td>२२</td><td>माने भञ्ज्याँङ्ग आवि</td><td>२३६००</td></tr>
<tr><td>२३</td><td>महादेव आवि</td><td>१४०००</td></tr>
<tr><td>२४</td><td>पुकुन आवि</td><td>१५६००</td></tr>
<tr><td>२५</td><td>वागेश्वरी आवि</td><td>२८०००</td></tr>
<tr><td>२६</td><td>जुनतारा आवि</td><td>२०८००</td></tr>
<tr><td>२७</td><td>रक्तकाली आवि</td><td>५२००</td></tr>
<tr><td>२८</td><td>सप्तकन्या आवि</td><td>२१२००</td></tr>
<tr><td>२९</td><td>रिठ्ठाबोटे आवि</td><td>१८४००</td></tr>
<tr><td>३०</td><td>सेती देवी आवि</td><td>१४०००</td></tr>
<tr><td>३१</td><td>सुन्दर आवि</td><td>१४०००</td></tr>
<tr><td>३२</td><td>केउरीनी आवि</td><td>३२००</td></tr>
<tr><td>३३</td><td>जनचेतना आवि</td><td>८४००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३४</td><td>बागेश्वरी आवि</td><td>८०००</td></tr>
<tr><td>३५</td><td>नव ज्योती आवि</td><td>५६००</td></tr>
<tr><td>३६</td><td>आईले आवि</td><td>८०००</td></tr>
<tr><td>३७</td><td>नवज्योति आवि</td><td>५६००</td></tr>
<tr><td>३८</td><td>आइले आवि</td><td>३२००</td></tr>
<tr><td>३९</td><td>जनचेतना आ वि</td><td>१०४००</td></tr>
<tr><td>४०</td><td>सन्तानेश्वर आवि</td><td>९६००</td></tr>
<tr><td>४१</td><td>वाघसुन्दर आवि</td><td>५६००</td></tr>
<tr><td>४२</td><td>गणेश स्थान आवि</td><td>२०००</td></tr>
<tr><td>४३</td><td>भुमेश्वरी आवि</td><td>२०००</td></tr>
<tr><td>४४</td><td>वागेश्वरी आवि</td><td>३२००</td></tr>
<tr><td>४५</td><td>पञ्चकन्या आवि</td><td>५२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०५०४००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td>२०७९-५-२०</td><td>आइसिटी ल्याव तथा विज्ञान प्रयोगसाला ; विद्यालय क्षेत्र सुधार कार्यत्रम कार्यान्वयन पुस्तिका आ.व. २०७८/२०७९ को कृयाकलापनं २.१५.११.७८८ अनुसार हुनेगरी पालिकाले पुस्तकालय नभएका विद्यालयलाई ICT ल्याव तथा विज्ञान प्रयोगशाला अनुदान दिएकोमा निम्न विद्यालयको विल भरपाइ पेश नभएकोविल भरपाइ पेश हुनु पर्दछ रु ...<br><br>
<table>
<tr><th>गोश्वार भौचर र मिति</th><th>विद्यालयको नाम</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>भौंनं २०६/२०७९।२।२५</td><td>भानुभक्त मा. वि.</td><td>६५००००.००</td><td></td></tr>
<tr><td>भौंनं २०६/२०७९।२।२५</td><td>छेपाङ्ग मा. वि.</td><td>६५००००.००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३०००००.००</td><td></td></tr>
</table>
<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१३.१</td><td>ICT</td><td>१३,००,०००</td></tr>
</table>
</td><td>२,६००,०००</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>आर्थिक सहायता :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । पालिकाले प्रकोप व्यवस्थापन कोष (बजेट प्रकार चालु) बाट अध्यक्षको तोक आदेशबाट यस प्रकृतिको कार्यमा खर्च गरेको छ । ऐनको परिधिभित्र रहि कार्यविधि तथा निर्देशिका व्यवस्थित गरी मात्र यस्ता खर्च लेखाङ्कन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| सि.नं. | मिति | भौ. नं. | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ०८/०६/२०७८ | ४ | अध्यक्षज्यूको सिफारिसमा सडक सरसफाइका लागि ईन्धन भुक्तानी | ५४,४३२ |
| २ | १०/१०/२०७८ | ८ | बिपत ब्यबस्थापन बापतको रकम अध्यक्षज्युको राय अनुसार भुक्तानी | ३,२८,८२६ |
| ३ | ०२/१२/२०७९ | १७ | कागजात अनुसारको रकम तोक आदेश अनुसार भु गरेको । | १६,८०० |
| ४ | ०२/१३/२०७९ | १८ | मलेखु मजुवामा रहेका बाढी पिडितलाई २०७९ साल बैशाख देखि आषाढ सम्मको आस भु | १,१७,००० |
| ५ | ०२/२३/२०७९ | २० | बिभिन्न शिर्षकमा आर्थक सहायता भुक्तानी | ६६,००० |
| ६ | ०२/२४/२०७९ | २१ | तोक आदेश अनुसार भक्तानी | १०,००० |
| ७ | ०२/२४/२०७९ | २२ | तोक आदेश अनुसार भक्तानी | ५,००० |
| ८ | ०२/२६/२०७९ | २७ | संलग्न कागजात अनुसारको रकम तोक आदेश अनुसार आस भु गरेको । | ३०,००० |
| ९ | २०७९/०२/३० | ३१ | यसमा संलग्न कागजात अनुसारको रकम तोक आदेश अनुसार आस भु गरेको । | १०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१०</td><td>२०७९/०२/३०</td><td>३२</td><td>यसमा संलग्न कागजात अनुसारको रकम तोक आदेश अनुसार आस भु गरेको ।</td><td>५,०००</td></tr>
<tr><td>११</td><td>०३/१६/२०७९</td><td>४४</td><td>कृषिको सोभ खर्च तरकारी पकेट को भु गरेको ।</td><td>४,५०,०००</td></tr>
<tr><td>१२</td><td>०३/१८/२०७९</td><td>४७</td><td>कार्यक्रम सोभ हुने गरी भिसिडिपी बाट भुक्तानी</td><td>१,५०,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td>२०७९-५-२०</td><td>आर्थिक सहायता: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्र कार्य गर्ने आवश्यक पर्ने ऐन नियम निर्देशिका कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यस्था छ । तर पालिकाले आर्थिक सहायता सहायता सम्बन्धि कुनै कार्यविधि नबनाई बिल भरपाइको आधारमा स्थानीय उद्धार राहत तथा पुनः स्थापना बिपन्न वर्गलाई औषधि अपचार लगायतका कार्यमा आर्थिक सहायता उपलब्ध गराएको छ । यसरी खर्चको बिल भरपाई राखि बिभिन्न मितिको निर्णय अनुसार आर्थिक सहायता वितरण गरेको छ । यस्ता अनुत्पादक प्रकृतिको खर्चहरु नियन्त्रण गर्नु पर्दछ, यस पालिकामा यस वर्ष आर्थिक सहायता बापत खर्च गरेको रु...</td><td>२,०६१,१२६</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कृषि कार्यक्रम : कृषि तर्फको कार्यक्रम परीक्षणबाट देखिएका व्यहोरा देहायमा उल्लेख छ ।</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>पालिकाले वार्षिक योजना तथा कार्यक्रम र बजेटमा समावेश गरी कृषि क्षेत्रका कार्यक्रम सञ्चालन गर्दै आएको छ । वडा स्तरमा सञ्चालन हुनेगरी कृषि प्राविधिकको आवश्यकता पर्ने योजना समेत प्राविधिक कर्मचारी वेगर वडा मार्फत गराएको छ । कार्यक्रम तयार गर्दा फर्म तथा कृषक छनौटको स्पष्ट मापदण्ड निर्धारण नगरेका कारण कार्यक्रममा कृषकको समान पहुँच नहुन सक्ने, वार्षिक स्वीकृत कार्यक्रम भन्दा फरक कार्यको लागि तथा बढी हुने गरी समेत अनुदान उपलब्ध हुने अवस्था छ । पालिकाले वडा मार्फत कार्यक्रम सञ्चालन गरेकोमा वडा २ र ७ मा मात्र कृषि प्राविधिक रहेको र अन्य वडामा विशेषज्ञ जनशक्ति नभएको र गाउपालिका केन्द्रका विशेषज्ञलाई काममा नलगाएका कारण जनशक्ति उपयोगको क्षमता पर्याप्त देखिएन । साथै अधिकांस खर्च तालिम कार्यक्रममा खर्च गरेकोमा उपलव्धि मापन गर्ने संयन्त्र</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तयार गरेको पाइएन । उक्त कार्यक्रममा खर्च लेखेको अनुगमन भ्रमण कार्यको भुक्तानी फरफारक गर्दा भ्रमण प्रतिवेदन समावेश गरेको समेत देखिएन । उल्लेखित व्यहोरा सुधार गरी कार्यक्रम थप प्रभावकारी बनाउनु पर्दछ । कार्यक्रमको व्यहोरा देहायमा उल्लेख छ । | |

| क सं | विवरण | भुक्तानी रु. |
|---|---|---|
| १ | कृषि विकास कार्यक्रम वडा ३ | ११९०६८४ |
| २ | पशु आहारा घाँस विउ खरिद | २००००० |
| ३ | बाख्रापालन कृषकका लागि व्यवसाय प्रवर्दन तालिम | १५०००० |
| ४ | कृषि विकास कार्यक्रम वडा ४ | १२४४५१० |
| ५ | कृषि विकास कार्यक्रम वडा २ | ७६७५०० |
| ६ | कृषि विकास कार्यक्रम वडा ५ | ५३६०३३ |
| ७ | व्यवसायिक कृषकका लागि अनुगमन | २००००० |
| ८ | जेनेटिक रोग सम्वन्धि अभिमुखिकरण | ३०००० |
| ९ | कृषि विकास कार्यक्रम वडा ८ | ८७२५०० |
| १० | कृषि विकास कार्यक्रम वडा ६ | ० |
| ११ | औषधि खरिद पशु सेवाका लागि | ४९९८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>ए आइ सम्वन्धि तालिम पशु सेवाका लागि</td><td>७२६०७</td></tr>
<tr><td>१३</td><td>ए आइ सम्वन्धि तालिम पशु सेवाका लागि</td><td>७७३९३</td></tr>
